# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ०५ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

- ग्रामीण भारतमा पश्चिम बंगाल सबैभन्दा अघि, केन्द्रीय रिपोर्टमा राज्यका मुख्यमन्त्री ममता ब्यानर्जीका जनकल्याणकारी योजनाहरूको प्रशंसा।
- जीटीए प्रमुख कार्यपाल अनित थापाले कालेबुङमा आगलागीबाट प्रभावित परिवारहरूलाई जीटीएको तर्फबाट 2 लाख 44 हजार प्रदान गर्ने घोषणा गर्नुभयो।
- बाघडुग्रा हवाई अड्डाको 4 किलोमीटरको परिधिभित्र रेड जोन घोषित गरिएको छ।
- आगामी केही दिनमा उत्तर बंगालका विभिन्न जिल्लाहरुमा वर्षा अनि सिक्किमका केही ठाउँहरूमा हिमपात हुने सम्भावना रहेको मौसम विभागले जनाएको छ।
- सुकना गेम्स एण्ड स्पोर्ट्स एसोसिएशन अनि जीटीएको संयुक्त आयोजनामा 18 औं सुकना गोल्डकप आजदेखि शुरू भएको छ।

**ग्रामीण भारत- बंगाल**

ग्रामीण अर्थव्यवस्थामा सुधार अनि घरेलू उपभोग वृद्धिको मामिलामा पश्चिम बंगालले सम्पूर्ण देशलाई पछाड़ि छोड़ेको छ। केन्द्र सरकारको नयाँ हाउसहोल्ड कन्जम्पशन एक्सपेण्डिचर सर्भे रिपोर्ट अनुसार पश्चिम बंगालमा ग्रामीण परिवारहरूको उपभोग राष्टीय औसतभन्दा धैरे अधिक बढ़ेको छ। यस सफलताको श्रेय मुख्यमन्त्री ममता ब्यानर्जीको योजनाहरू लक्ष्मी भण्डार अनि कन्या श्रीलाई दिइएको छ। देशमा औसत उपभोग वृद्धि ३ दशमलव ५ प्रतिशत छ भने पश्चिम बंगालमा ५ दशमलव ३६ प्रतिशत दर्ता गरिएको छ। रिपोर्टमा भनिएको छ, ममता ब्यानर्जीका योजनाहरूको रुपियाँ सोझै लाभार्थीहरूको ब्यांक खातामा पुग्नाले ग्रामीण परिवार केवल चामल अनि दालसम्म मात्र सीमित रहेको छैन। क्रय शक्ति बढ़नाले माछा, मासु, दूध जस्ता खाद्य पदार्थसितै टी.भी, फ्रिज अनि मोबाइल फोन जस्तो स्थायी उपभोक्ता वस्तुहरूको पनि खरीद बढ़िरहेको छ। लक्ष्मी भण्डार, कन्या श्री, कृषक बन्धु अनि वृद्धावस्था पेन्शन जस्तो योजनाहरूले बंगालका मानिसहरूको जीवनमा ठूलो परिवर्तन आएको छ। केन्द्रीय रिपोर्ट अनुसार, सम्पूर्ण देशमा प्रति व्यक्ति वार्षिक उपभोग तीन हजार ८ सय ६० देखि बढ़ेर चार हजार २ सय ४७ भएको छ।

**मुख्यमन्त्री जन्मदिन**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीको ७०औँ जन्मदिनको अवसरमा आज राज्यभरिका तृणमूल कांग्रेसका नेता तथा कार्यकर्ताहरूले विभिन्न कार्यक्रम  मार्फत शुभकामना व्यक्त गरे। यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले मुख्यमन्त्री ब्यानर्जीलाई जन्मदिनको शुभकामना दिनुभयो। आज बिहान प्रधानमन्त्रीले सामाजिक सञ्जालमा पोस्ट गर्दै मुख्यमन्त्री ब्यानर्जीको सुस्वास्थ्य र दीर्घायुको कामना गर्नुभयो।

**अनित थापा कालेबुङ**

जीटीए मुख्य कार्यपाल अनित थापाले आज कालेबुङको ११ माइलमा केही दिन अघि भएको आगलागीबाट प्रभावित क्षेत्रको भ्रमण गर्नुभयो। यस क्रममा उहाँले आगलागीबाट प्रभावित परिवारहरूसँग भेट गरी उनीहरूप्रति सहानुभूति व्यक्त गर्नुभयो। आफ्नो भ्रमण अवधि थापाले जीटीएको तर्फबाट ७ प्रभावित परिवारका लागि प्रति परिवार २ लाख ४४ हजार रूपियाँ दुई चरणमा प्रदान गरिने घोषणा गर्नुभयो। पहिलो चरणमा ५ परिवारलाई १ लाख २२ हजार रूपियाँ आज हस्तान्तरण गरिएको छ। उहाँले बाँकी दुई परिवारलाई पनि चाँडै पहिलो चरणको राहत राशी प्रदान गरिने आश्वासन दिनु भएको छ। आगलागीको समय आफू पहाड़बाहिर रहेको कारण घटनास्थलमा तत्काल पुग्न नसकेको तर दार्जीलिङ फर्किने बित्तिकै पीडितहरूसँग भेटघाट गर्न आएको थापाले बताउनुभयो। यस भ्रमणमा उहाँसँग कालेबुङ विधायक रूदेन सादा लेप्चा, कालेबुङ नगर प्रशासक रवि प्रधान उपस्थिति रहेको थियो।

**तृणमूल नेता - हत्या**

मालदा जिल्लाका तृणमूल नेता बाबला सरकारको हत्याका 2 मुख्य आरोपितहरुलाई खोज्नको लागि पुलिसले हिज राती इनामको घोषणा गरेको छ। सुत्रहरु अनुसार, तृणमूल नेता बाबला सरकारको हत्याका 2 मुख्य आरोपित ३१ बर्षिय बबलू यादव अनि 30 बर्षिय कृष्णा रजक उर्फ रोहन अझसम्म लापत्ता छन्। दुवै आरोपितहरुको जानकारी दिनेलाई 2 लाख रुपियाँको नकद इनाम दिईने पुलिसले घोषणा गरेको छ। तृणमूल नेताको हत्याको मामलामा पुलिसले अहिलेसम्म धेरै आरोपितहरुलाई पक्राउ गरिसकेको छ तर 2 मुख्य आरोपित अझ पनि लापत्ता छन् र पुलिस उनीहरुको खोजीमा जुटेको छ। गत 2 जनवरीको दिन तृणमूल कांग्रेसका उपाध्यक्ष अनि मालदा जिल्लाका पार्षद बबला सरकार इंग्लिश बाजारको निमाई सराय छेत्रमा आफ्नो पसल गैरहेको समय केहि बदमाशहरुले पसलभित्र पसेर उनीमाथि गोली चलाऊदा उहाको घटनास्थलमै मृत्यु भएको थियो।

**रेड जोन**

बाघडुग्रा हवाई अड्डाको ४ किलोमीटरको परिधिभित्र रेड जोन घोषित गरिएको छ। यस क्षेत्रमा कुनै पनि बहुतल्ले भवनको निर्माण गर्न हवाई अड्डा प्राधिकरणबाट अनुमति लिनु आवश्यक छ। स्मरण रहोस् सिलगढ़ी शहर ग्रीन जोनमा छ र बीचको हिस्सालाई येल्लो जोनको रूपमा चिन्हित गरिएको छ। पहिला प्रत्येक जोनमा नै बहुतल्ले भवन निर्माण गर्न हवाई अड्डा प्राधिकरणबाट एन.ओ.सी लिनु आवश्यक थियो। तर अहिले यो निषेधाज्ञा धेरै हदसम्म सरल भएको छ जसको कारण सिलगढ़ी लगायत बृहत्तर सिलगढ़ी शहरको एउटा ठूलो हिस्सामा बहुतल्ले भवन निर्माणको मामलामा उत्पन्न हुने समस्याहरू धेरै कम्ती भएको छ। फलस्वरूप उद्योगलाई गति प्राप्त भएको छ। उल्लेखनीय छ, केन्द्रीय वन एवं पर्यावरण मन्त्रालयको निर्देश अनुसार सिलगढ़ी शहरको लगभग ३, ४ वटा वार्ड लगायत विस्तृत पंचायत क्षेत्रमा निर्माण कार्य बन्द भएको छ।

**पानीघट्टा बगान**

पानीघट्टा चियाबगान सुचारू रूपमा सञ्चालन हुन पर्छ भन्ने माग लिएर बगानका श्रमिकहरू रिले अनशन बसेको 43 दिन पुगिसक्दा पनि कुनै सहयोग प्राप्त नभएको चिया श्रमिकहरूको गुनासो छ। स्थानीय चियाश्रमिक जिते तामाङले अबको केही दिन भित्र बगान सञ्चालन समितिका सदस्यहरूले बगान व्यवस्थित ढङ्गमा संचालन गर्ने कुरोमा चासो नदेखाए आफुहरु कानुनी कार्यवाहीमा जाने चुनौती दिएका छन्। अनशनको यत्रो दिन पुग्दा समेत संचालन समिति कानमा तेल हालेर सुतेको अवस्था रहेको भन्दै संचालन समिति बाहेक सरकारको पक्षबाट पनि मौनता अपनाएको कारण आफुहरु कानुनी सहयोग लिन बाध्य बनेको उनको भनाइ छ। अर्कोतिर बन्द पानीघट्टा चियाबगानमा अनशन बसेको आज ४२ औं दिन टेक्दा पनि सम्बन्धित विभागहरू किन बोल्दैनन् भन्दै अधिवक्ता बन्दना राईले पनि आक्रोश व्यक्त गर्नु भएको छ।

**बिजनबारी कार्निभल**

दार्जिलिङ पुलबजार खण्डको कैजले, नयाँ नोर तथा गोक दुई ग्रामको शिरमा अवस्थित पर्यटकीय स्थल आलेटारमा आयोजित कर्मी विन्टर कार्निभल सफलतापुर्वक सम्पन्न भएको छ। यो सप्ताहव्यापी साङ्गितिक कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पुर्णलाई आयोजक टोलीले आभार प्रकट गरेका छन् भने यो आयोजनाले पर्यटनलाई प्रवर्द्धन गर्ने दिशामा ठुलो भुमिका निभाएको ठहर गरिएको छ। यसका साथै अर्को वर्ष पनि कार्यक्रमलाई अझै भव्यताको साथ आयोजना गर्ने प्रतिबद्धता समेत आयोजक समितिले गरेको छ।

**महिला पक्राउ**

नोकरी दिलाइदिने बहानामा एकजना व्यक्तिको लाखौं रुपियाँ ठगी गरेको आरोपमा दार्जीलिङ निवासी एक महिलालाई सिलगढीको प्रधाननगर पुलिसले पक्राउ गरेको छ। पक्रा पर्ने महिला दार्जीलिङको जोरबंगलो निवासी रहेको र कारगिल युद्धमा शहीद बनेका जवानको पत्नी रहेको बताइएको छ। पुलिस सूत्रबाट प्राप्त जानकारी अनुसार गत 25 फरवरी 2023 –मा एकजना व्यक्तिले आफूलाई इज्रायलमा नोकरी दिलाइदिने बताएर आरोपी महिलाले 12 लाख 70 हजार रुपियाँ लगेको आरोप लगाउँदै प्रधान नगर थानामा उजुरी दर्ता गरेका थिए। त्यसपछि उनले आफ्नो पैसा फिर्ता मागेपछि पनि महिला पैसा नदिई भागेको आरोप तिनले लगाएका थिए। उजुरीका आधारमा घटनाको अनुसन्धान गरिरहेको पुलिसले आरोपी महिला कारगिल युद्धमा शहीद भएका

जवानकी पत्नी रहेको थाहा पाएको थियो। यसका साथै आरोपी महिला मतिगाड़ा पुलिस थाना अन्तर्गत पर्ने क्षेत्रमा एउटा जब कन्सल्टेन्सी एजेन्सीमा काम गर्थिन् भनेर पनि पुलिसले पत्तो लगाएको थियो। जानकारी अनुसार उजुरी प्राप्त भएपछि आरोपी लुकेर बसेकी थिइन् अनि पुलिसले विगत दुइ वर्षदेखि उनलाई खोजिरहेको थियो। लामो खोजी कार्यपछि प्रधान नगर पुलिसको एउटा विशेष टीमले गोप्य सूचनाको आधारमा दार्जीलिङ पुगेर महिलालाई पक्राउ गरी शनिवार राति नै सिलगढ़ी ल्याएको बताइएको छ।

**मौसम**

आगामी ६ जनवरीदेखि पश्चिम बंगाल अनि सिक्किममा पश्चिमी हावा फेरि सक्रिय हुँदैछ अनि यसको प्रभाव 9 जनवरीसम्म रहनेछ। फलस्वरूप उत्तर बंगालका विभिन्न जिल्लाहरुमा वर्षा अनि सिक्किमका केही ठाउँहरूमा हिमपात हुने सम्भावना रहेको केन्द्रिय मौसम विज्ञान विभागका गान्तोक शाखाका डिरेक्टर गोपीनाथ राहाले जानकारी गराउनु भएको छ। सिक्किमका लाचुङ, लाचेन लगायत नाथुला सीमातिर हिमपातको सम्भावना रहेको मौसम विभागले बताएको छ।

**सुकना गोल्ड कप**

सुकना गेम्स एण्ड स्पोर्ट्स एसोसिएशन अनि जीटीएको संयुक्त आयोजनामा १८ औँ सुकना गोल्डकप आजदेखि शुरू भएको छ। सुकना हाई स्कुलमा आयोजना भइरहेको १८ औँ सुकना गोल्ड कपको पहिलो दिन उद्घाटन सत्रमा जीटीए प्रमुख कार्यपाल अनित थापा मुख्य रूपमा उपस्थित थिए। प्रतियोगितालाई 4 ग्रूपमा विभाजन गरिएको छ। प्रत्येक ग्रूपमा ५-५ टीम हुनेछन् भने प्रतियोगिताको फाइनल 25 जनवरीमा हुनेछ। प्रतियोगितामा नेपालए भुटान, दार्जीलिङ-कालेबुङ, कोलकाता समेत उत्तर बंगालका प्रतिष्ठित टीमहरूले भाग लिइरहेका छन्। आज पहिलो दिनको म्याच आरएचएफसी नेपाल र मिलन समिति कोलकाताबीच खेलियो। जसमा 0 को विरुद्ध एक गोल गरेर मिलन समिति कोलकाता विजयी बन्यो।

****** ० ******